# अल्जाइमर रोग

## Alzheimer’s Disease

Alzheimer’s Disease is the most common type of dementia. Dementia occurs as a result of changes in the brain that affect a person’s ability to think and remember. It can become severe enough to affect daily activities.

Alzheimer’s Disease causes brain changes over years and is not a normal part of aging. No one knows what causes Alzheimer’s Disease, but much research is being done. You may be more at risk if you had a family member with the disease.

अल्जाइमर रोग डिमेन्शियाको सबैभन्दा सामान्य प्रकारको रोग हो। व्यक्तिको मस्तिष्कमा परिवर्तनको परिणामस्वरूप डिमेन्शिया हुन्छ जसका कारण सोच्ने र स्मरण-शक्ति माथि असर पर्दछ। यो दैनिक क्रियाकलापहरूमाथि असर पार्नेगरी गम्भीर हुन सक्दछ।

अल्जाइमर रोगले वर्षौंसम्म मस्तिष्कमा परिवर्तन गर्दछ र यो बुढ्यौलीको सामान्य भाग होइन। अल्जाइमरको कारणबारे कसैलाई थाहा छैन, तर निकै शोध भइरहेका छन्। यदि तपाईंको परिवारमा कसैलाई यो रोग थियो भने तपाईं यसको जोखिममा हुन सक्नुहुन्छ।

### Signs

The signs start slowly and can vary or worsen over time. A person cannot control the signs. Treatment can help, but it does not cure the disease.

Signs may include:

- Memory loss, especially about recent events
- Confusion about time and place
- Poor judgment
- Trouble learning new information
- Changes in being able to do such things as drive, handle money, take medicine, cook, dress and bathe
- Loss of sense of smell
- Wandering or getting lost

### लक्षणहरू

यसका लक्षण विस्तारै सुरु हुन्छन् र यसमा विविधता हुन सक्दछ वा समय बित्दैजाँदा स्थिति बिग्रँदै जान्छ। व्यक्तिले लक्षणहरूमाथि नियन्त्रण गर्न सक्दैन। उपचारबाट मद्दत पाउन सकिन्छ, तर रोग निको पार्न सक्दैन।

लक्षणमा सामेल हुन सक्दछन्:

- स्मृति लोप, खासगरि ताजा घटनाहरू बारे
- समय र स्थानको बारेमा भ्रम
- खराब निर्क्योल
- नयाँ कुरा सिक्नमा समस्या
- गाडी हाँक्न, पैसा चलाउन, औषधि सेवन गर्न, खाना पकाउन, लुगा लगाउन वा नुहाउन जस्ता काम गर्ने सक्षमतामा परिवर्तन
- सुँघ्ने शक्ति हराउनु
- भौँतारिनु वा हराउनु

## Your Care

Your doctor may order tests to check your brain such as a CT scan, a MRI or a PET scan. Your doctor may also:

- Use tests to eliminate other causes of memory loss and confusion
- Look at the pattern of memory loss and the person's awareness of the changes
- Get a list of medicines and information from the family
- Do a physical exam
- Check the person's mental status by asking memory and thinking questions

There is no cure for Alzheimer's Disease, and it will not go away. Medicines may help with some of the signs or delay the progress of the disease. Other medicines can treat problems with sleeping, depression or nervousness. Exercise, good nutrition and social activity are also important.

## तपाईंको हेरचाह

तपाईंको डक्टरले सिटि स्क्यान, एमआरआइ वा पीईटी स्क्यान जस्ता जाँच गर्ने आदेश दिन सक्दछ।  तपाईंका डक्टरले निम्न पनि गर्न सक्दछन्:

- स्मृति लोप र भ्रमका अन्य कारणहरूका सम्भावना हटाउन परीक्षणहरूको प्रयोग गर्न सक्दछन्
- स्मृति लोप र परिवर्तनबारे व्यक्तिको जागरूकताका ढाँचा हेर्न सक्दछन्
- परिवारबाट औषधिहरूको सूची र जानकारी प्राप्त गर्न सक्दछन्
- शारीरिक जाँच गर्दछन्
- स्मृति र सोच्नेसम्बन्धी प्रश्नहरू सोधेर व्यक्तिको मानिसक अवस्थाको जाँच गर्न सक्दछन्

अल्जाइमर रोगको कुनै उपचार छैन, र यो निको हुने छैन। औषधिहरूले केही लक्षण कम्ती गर्नमा मद्दत वा रोग बढ्ने प्रक्रियामा ढिल्याइँ गर्न सक्दछन्। अन्य औषधिहरूले निद्रा, अवसाद वा घबराहटसम्बन्धी समस्याका उपचार गर्न सक्दछन्। व्यायाम, पोषक आहार र सामाजिक गतिविधि पनि महत्त्वपूर्ण हुन्छन्।

### For more information and support contact:

- **Alzheimer's Association,** 24-Hour Helpline 800-272-3900, www.alz.org
- **Alzheimer's Foundation of America,** 866-232-8484, www.alzfdn.org

### थप जानकारी र सहायतानिम्ति सम्पर्क गर्नुहोस्:

- **अल्जाइमर्स एशोसिएशन,** 24 घण्टे हेल्पलाइन 800-272-3900, www.alz.org
- **अल्जाइमर्स फाउन्डेशन अफ अमेरिका,** 866-232-8484, www.alzfdn.org

© 2005 - January 29, 2021, Health Information Translations.

Unless otherwise stated, user may print or download information from www.healthinfotranslations.org for personal, non-commercial use only. The medical information found on this website should not be used in place of a consultation with your doctor or other health care provider. You should always seek the advice of your doctor or other qualified health care provider before you start or stop any treatment or with any questions you may have about a medical condition. The Ohio State University Wexner Medical Center, Mount Carmel Health System, OhioHealth and Nationwide Children's Hospital are not responsible for injuries or damages you may incur as a result of your stopping medical treatment or your failure to obtain treatment.